आज मिति २०८२/८/०४ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री ~~सत्रि के.सी. (लक्ष्मण)~~ नारायण बहादुर के.सी. |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री ~~कोपिला मर्मा~~ महानन्द शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | Shanti | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री ईश्वरी प्रसाद शर्मा |
| अन्य उपस्थिति | | | |
| १ | सुनिता वि.क | बा.न.पा. स्था. प | |
| २ | | ई.रा.प. | अभिषेक पन्त |
| ३ | | ई.ई.अ. | इशान्त श्रेष्ठ |
| ४ | Laxmi | | श्री शान्ति देवी शर्मा पाठक<br>श्री लक्ष्मी श्रेष्ठ |

प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. अठारौं नगरसभाको मिति चयन सम्बन्धमा ।

३. योजना तथा कार्यक्रमको नाम संशोधन सम्वन्धमा ।

४. पोषण विशेष कार्यक्रमको मुख्य कार्यक्रम सहितको बजेट स्वीकृत गर्ने सम्वन्धमा ।

५. पोषण विशेष कार्यक्रम अन्तर्गत विभिन्न क्रियाकलाप सम्पन्न गर्ने सम्बन्धमा ।

६. तिनपाङ्गे सवारीको भाडा दर सम्बन्धमा ।

७. आधारभूत स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धमा ।

८. रकम विनियोजन गर्ने सम्बन्धमा ।

९. भाडा सम्झौता सम्बन्धमा ।

१०. विविध सम्बन्धमा ।

निणर्यहरु

निणर्य नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निणर्य नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा अठारौं नगरसभाको बैठक मिति २०८२ पौष २५ गते शुक्रवार दिनको ११.०० बजे बागलुङ नगरपालिकाको सभाहलमा बस्ने गरी सम्पूर्ण नगरसभा सदस्यहरुलाई कार्यसूची सहित नगरसभाको बैठकको जानकारी गराउने निर्णय गरियो ।

निणर्य नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा १७ औं नगरसभाबाट विनियोजन भएका वडा तथा नगरस्तरीय योजना तथा कार्यक्रमको नाममा केही त्रुटी भएका वा नाम फरक परी योजना कार्यान्वयनमा समस्या परेका योजना तथा कार्यक्रमहरुलाई आगामी नगरसभाबाट संशोधित नामको अनुमोदन गर्ने गरी हाल वडा कार्यालयको निर्णय सहितको सिफारिसको आधारमा संशोधित नाम राखी योजना सम्झौता गर्ने

निर्णय गरियो । साथै अठारौँ नगर सभाको मिति भन्दा एक दिन अगाडि सम्म मात्र बाँकी रहेका योजना तथा कार्यक्रमको नाम संशोधनको लागि पठाउन सम्वन्धित वडा कार्यालयहरुमा जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बागलुङ नगरपालिकाले चालु आर्थिक वर्षमा संचालन गर्ने गरी संघीय सरकारबाट प्राप्त विशेष कार्यक्रम अर्न्तगत पोषण विशेष कार्यक्रमको प्रस्तावित मुख्य क्रियाकलाप र बजेटलाई देहाय बमोजिम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.नं. | प्रस्तावित क्रियाकलाप | रकम | जिम्मेवारी |
|---|---|---|---|
| १ | बृद्धि अनुगमनका लागि मेशिन तथा अन्य उपकारण खरिद (स्वास्थ्य संस्था सवै स्वयंसेविका रहेको टोल बाल विकासका लागी) | ९८०००० | स्वास्थ्य शाखा र जिन्सि शाखा समन्वय गरी खरिद कार्य अगाडि बढाउने । |
| २ | रक्तअल्पताको रोकथाम तथा नियन्त्रण गर्न बिद्यालय तथा समुदाय स्तरमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन । | १३३०००० | स्वास्थ्य शाखा बाट सवै स्वास्थ्य संस्थाहरुसंगको समन्वयमा कृयाकलापहरु संञ्चालन गर्ने । |
| ३ | खाद्य सुरक्षा निर्देशक समिति बैठक । | २८०००० | वडा तथा नगर स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देसक समिति |
| ४ | पोषण कर्नर स्थापना । | ५६०००० | स्वास्थ्य शाखा । |
| ५ | मातृ, शिशु तथा बाल्यकालिन पोषण प्रवर्द्धन कार्यक्रम (स्वास्थ्य आमा समुह तथा स्वयं सेविकाहरुका लागि) सञ्चालन र दिगोपना । | १३३०००० | स्वास्थ्य शाखा, महिला वालबालिका शाखा, सवै स्वास्थ्य संस्थाहरुसंगको समन्वय । |
| ६ | स्तनपान कक्ष निर्माण । | ५६०००० | स्वास्थ्य शाखा । |
| ७ | पोषण लेखाजोखा । | १२६०००० | स्वास्थ्य शाखा र सवै स्वास्थ्य संस्थाहरु । |
| ८ | सीघ्र कुपोषणमा रहेका बालबालिकाहरुको एकीकृत व्यवस्थापन । | १४०००० | स्वास्थ्य शाखा र सवै स्वास्थ्य संस्थाहरु । |
| ९ | शैक्षिक सामाग्री शैक्षिक पोष्टर तथा फ्लेक्स प्रिन्ट । | ४२०००० | स्वास्थ्य शाखा । |

| | | | |
|---|---|---|---|
| १० | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी बनाउने । | १३७९००० | स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वय र सबै स्वास्थ्य संस्थाहरु संग समन्वय गर्ने । |
| ११ | दिवा खाजा प्रवर्धनका लागि वडा र अभिभावक संगै शेरिङ कार्यक्रम । | ७००००० | शिक्षा शाखाले स्वास्थ्य शाखा र स्थानीय स्वास्थ्य संस्थासंग समन्वय गरी गर्ने । |
| १२ | आयोडिनयुक्त नूनको समुचित प्रयोग बिधि र थाईराईड रोग (हाईपर र हाईपो थाईरिड) रोकथाम तथा प्रर्वदन समुदाय स्तर सम्मका विभिन्न स्वास्थ्य गतिविधि मार्फत सचेत गराउने । | ५६०००० | स्वास्थ्य शाखा । |
| १३ | बिषादी रहित पोषण युक्त खाध्यन्न तरकारी तथा फलफुल उतपादनका लागी कृषकसंग अभिमुखिकारण कार्यक्रम । | ९८०००० | कृषि शाखा र पशु स्वास्थ्य शाखा ले स्वास्थ्य शाखासंग समन्वय गरी गर्ने । |
| १४ | असल खानपान तथा जेष्ट नागरीकसंग अन्तर्क्रिया कार्यक्रम । | ११२०००० | स्वास्थ्य शाखा र महिला वालबालिका एवं जेष्ठ नागरिक शाखासंग समन्वय गरी गर्ने । |
| १५ | पोषणमैत्री वडा घोषणा तथा समिक्षा । | १४००००० | स्वास्थ्य शाखा । |
| | जम्मा | १२९९९००० | |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बागलुङ नगरपालिकाले चालु आर्थिक वर्षमा संचालन गर्ने गरी संघीय सरकारको विशेष कार्यक्रम अर्न्तगत पोषण विशेष कार्यक्रम सम्पन्न गर्नको लागि देहाय बमोजिम गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) सबै स्वास्थ्य संस्था र वडाहरुमा विपन्न परिवार स्वास्थ्य सुधार कार्यक्रम कार्यान्वयन गर्न तथा अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन लगायतका कार्यका लागि वहुक्षेत्रीय पोषण योजना-तेश्रोमा व्यवस्था भए बमोजिम पालिका स्तरका कार्यक्रमहरुमा पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा

निर्देशक समिति र वडा स्तरिय कार्यक्रमहरुमा वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा सहजिकरण एवं कार्यान्वयन समिति मार्फत क्रियाकलापहरु संचालन गर्ने ।

(ख) बागलुङ नगपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु र वडाहरुमा पोषण मैत्री स्वास्थ्य संस्था र वडा घोषणाका सम्पूर्ण प्रकृयाहरु पुरा गरी पोषण मैत्री पालिका घोषणा गर्नका लागि बागलुङ नगरपालिका स्वास्थ्य शाखा लाई जिम्मेवारी दिने ।

(ग) पोषण प्रवर्धन तथा विपन्न परिवार स्वास्थ्य सुधार कार्यक्रम कार्यान्वयनका लागि स्वास्थ्य शाखाले समन्वयकारी भुमिका निर्वाह गर्ने साथै उक्त कार्यक्रमको सम्पर्क व्यक्ति (फोकल पर्सन) स्वास्थ्य शाखा प्रमुख श्री राम प्रसाद खनाललाई तोक्ने साथै वडा स्तरिय कार्यक्रमको लागि सम्वन्धित वडामा रहेका स्वास्थ्य सस्थाका प्रमुखलाई वडा स्तरको सम्पर्क व्यक्ति तोक्ने ।

(घ) आवश्यक सम्पूर्ण प्रकृया पुरा गरी मिति २०८५ साल चैत्र मसान्त भित्र बागलुङ नगरपालिकालाई पोषण मैत्री नगरपालिका घोषणा गर्ने ।

(ङ) स्वीकृत पोषण प्रवर्धन तथा विपन्न परिवार स्वास्थ्य सुधार कार्यक्रमको बुँदा नं ११ को दिवा खाजा प्रवर्दनका लागि वडा र अभिभावकसंगै शेरिङ कार्यक्रम संञ्चालनका लागि शिक्षा शाखा प्रमुख र बुँदा नं १३ को बिषादी रहित पोषण युक्त खाद्यान्न तरकारी तथा फलफुल उतपादनका लागी कृषकसंग अभिमुखिकरण कार्यक्रमका लागि कृषि शाखा प्रमुख र पशु स्वास्थ्य शाखा प्रमुखलाई सम्पर्क व्यक्ति तोक्ने ।

(च) पोषणमैत्री स्थानीय तह घोषणा प्रकृयाका लागि विषयगत शाखाहरुबाट आ-आफ्ना सुचकहरुको वर्तमान स्थितिको अनुगमन गरी प्रतिवेदन तयार गर्ने र बाँकी सुचक पुरा गर्नको लागि आवश्यक प्रस्ताव तयार गरी आगामी आर्थिक बर्षको लागि राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्ने ।

निर्णय नं. ६

प्रस्तवा नं. ६ माथि छलफल गर्दा स्थानीय सार्वजनिक यातायात सञ्चालन, व्यवस्थापन तथा नियमन सम्वन्धी कार्यविधि, २०७९ को दफा १० बमोजिम गठीत स्थानीय सार्वजनिक यातायात संचालन तथा व्यवस्थापन समितिले निर्णय सहित पेश गरेको भाडा दरमा केही संशोधन गरी देहाय बमोजिम भाडा दर कायम गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | देखी | सम्म | भाडा दर |
|---|---|---|---|
| १ | ट्राफिक चौक देखी | बजार एरिया सबै | ४०/- |
| २ | ट्राफिक चौक देखी | उपल्लाचौर सम्म | ५०/- |
| ३ | ट्राफिक चौक देखी | रमेटार सम्म | ५०/- |
| ४ | ट्राफिक चौक देखी | कुडुले घुम्टी सम्म | ७०/- |
| ५ | ट्राफिक चौक देखी | कुडुले फेदी सोता सम्म | ८०/- |
| ६ | ट्राफिक चौक देखी | ओडारचौर सम्म | ५०/- |
| ७ | ट्राफिक चौक देखी | खहरे सम्म | १००/- |
| ८ | ट्राफिक चौक देखी | रामरेखा सम्म | ४०/- |
| ९ | ट्राफिक चौक देखी | भगवती मन्दिर गेड सम्म | ५०/- |
| १० | ट्राफिक चौक देखी | रात्माटा र पाखाथर सम्म | ५०/- |
| ११ | ट्राफिक चौक देखी | मुल्पानी सम्म | ६०/- |
| १२ | ट्राफिक चौक देखी | काप्रे सम्म | ७०/- |
| १३ | ट्राफिक चौक देखी | ढोणेनी पुल चौक सम्म | १००/- |
| १४ | ट्राफिक चौक देखी | बा.न.पा.-१, माझीवस्ती सम्म | ७०/- |
| १५ | ट्राफिक चौक देखी | बा.न.पा.-१, निरहेघाट सम्म | ८०/- |
| १६ | ट्राफिक चौक देखी | मालढुङ्गा सम्म | ७०/- |
| १७ | ट्राफिक चौक देखी | गौडाकोट सम्म | ५०/- |
| १८ | ट्राफिक चौक देखी | सुल्डाँडा सम्म | ५०/- |
| १९ | ट्राफिक चौक देखी | पावर हाउस सम्म | ५०/- |
| २० | ट्राफिक चौक देखी | बा.न.पा.-८, को वडा कार्यालय सम्म | २००/- |
| २१ | ट्राफिक चौक देखी | कुँडुले उपल्लो बान्द्रे वडा नं. ५ को वडा कार्यालय हुदै वडा नं. ७ को विश्वकर्मा मा.वि.चौक सम्म | ३००/- |
| २२ | ट्राफिक चौक देखी | बा.न.पा.-५, उपल्लो बान्द्रे तर्फबाट | १२५/- |

| | | | |
|---|---|---|---|
| २३ | ट्राफिक चौक देखी | बा.न.पा.-५, वडा कार्यालय सम्म (उपल्लो बान्द्रे तर्फबाट) | २५०/- |
| २४ | ट्राफिक चौक देखी | कुंडुले, उपल्लो बान्द्रे, ५ नं. वडा कार्यालय हुदै पञ्चकोट सम्म | २५०/- |
| **बा.न.पा १२** | | | |
| १ | १२ नं. वडा कार्यालयबाट | धापाखोला, पैयुपाटा, पानी टंकी केवलकार सम्म | १३०/- |
| २ | १२ नं. वडा कार्यालयबाट | चाम्टारा उपल्लो सरङगी पानी टंकी केवलकार सम्म | १५०/- |
| ३ | १२ नं. वडा कार्यालयबाट | चाम्टारा, उपल्लो सरङगी, तल्लो सरङगी, लामोपुल, कैया सम्म | १७०/- |
| ४ | १२ नं. वडा कार्यालयबाट | चाम्टारा, उपल्लो सरङगी, एडिवि, जैमिनी नगरपालिका सम्म | १८०/- |
| **बा.न.पा १३** | | | |
| १ | पैयुपाटा देखी | पानी टंकी सम्म | ५०/- |
| २ | पैयुपाटा देखी पानी टंकी हुदै | पाग्जा सम्म | १५०/- |
| ३ | पानी टंकी पैयुपाटा चौक हुदै मतेका गैरा देखी | चिसा खोला सम्म | १२०/- |
| ४ | गलुवा देखी | सुन्डाडा सम्म | २५०/- |
| ५ | पाग्जा देखि | सुन्डाडा सम्म | १८०/- |
| ६ | बास्कोट देखि | सुन्डाडा सम्म | १६०/- |
| ७ | काप्रेडाडाँ देखि | सुन्डाडा सम्म | १३०/- |
| ८ | चिसाखोला देखि | सुन्डाडा सम्म | १००/- |
| ९ | शिवालय देखि | सुन्डाडा सम्म | ८०/- |
| १० | सुन्दर बस्ती देखि | सुन्डाडा सम्म | ५०/- |

| | | | |
|---|---|---|---|
| ११ | पानी टकी लक्ष्मी नारायण मन्दिर सातविसे देखी | श्री कृष्ण मन्दिर रेग्मी फाट सम्म | ६०/- |
| १२ | पैयुपाटा देखी | खर्सेडाडा सम्म | ५०/- |
| १३ | पैयुपाटा देखी | धापा खोला सम्म | १००/- |
| १४ | पैयुपाटा देखी | पानी टंकी बन्जी जम्प यान्त्रिक पुल सम्म | १००/- |
| **बा.न.पा १४** | | | |
| १ | १४ नं. वडा नेपाने देखी | कोल्पाटा, आधारभूत, आ.वि हुदै हटिया सम्म | ५०/- |
| २ | १४ नं. वडा कोल्पाटा देखी | गार्लुङ सम्म | ५०/- |
| ३ | १४ नं. वडा यान्त्रिक पुल देखि | हटिया, पानी टंकी बरलुवा नमुना गाँउ सम्म | ५०/- |
| ४ | १४ नं. वडा पानी ट्याङकी देखि | अर्माह सम्म | ५०/- |
| ५ | १४ नं. वडा कैया लामो पुल देखी | सरङगी टुटुङगा सम्म | १००/- |
| ६ | १४ नं. वडा कैया लामो पुल देखी | गार्लुङ हुदै हटिया सम्म | १००/- |
| ७ | १४ नं. वडा यान्त्रिक पुल देखी | अर्माह, बरलुवा नमुना गाउँ सम्म | १००/- |
| ८ | १४ नं. वडा नेपाने देखी | १४ नं. वडा कार्यालय सम्म | ६०/- |
| ९ | १४ नं. वडा कैया देखी | १४ नं. वडा कार्यालय सम्म | ७०/- |
| १० | १४ नं. वडा अर्माह देखी | १४ नं. वडा कार्यालय सम्म | ७०/- |
| ११ | १४ नं. वडा अर्माह देखी | गार्लुङ सम्म | ५०/- |

**नोटः** वीचको दुरीमा यात्रुहरुलाई चढाउनु वा ओराल्नु परेमा १ कि.मी.को रु २०।- विस रुपैंयाका दरले हुने गरी भाडा लिने ।

**निर्णय नं. ७**

प्रस्तवा नं. ७ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको चालु आर्थिक बर्षमा कार्यान्वयन गर्ने गरी विनियोजन भएको वाल तथा मातृ मृत्युदर न्यूनिकरणका लागि आधारभूत स्वास्थ्य सेवा कार्यक्रमलाई अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा बर्षादको भिषण बाढीको कारण यस नगरपालिका वडा नं. ४ स्थित थकाली समाजको भवनको आड तर्फ जमिन कटान गरी सामुदायिक भवनको रुपमा रहेको थकाली

समाजको भवन जोखिम भै तत्काल संरक्षण गर्नु पर्ने अवस्था सृजना भएको हुँदा उक्त भवन लगायत सो क्षेत्रको जग्गा संरक्षणको लागि चालु आ.व.को विपद व्यवस्थापन कोष शिर्षकबाट खर्च लेख्ने गरी रु ३००,०००। अक्षेरुपी तीन लाख रुपैया मात्र विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा बागलुङ नगरपालिका जग्गा तथा संरचना लिज/भाडामा दिने/लिने सम्बन्धी कार्यविधि, २०८२ को दफा १० बमोजिम गठीत भाडा निर्धारण तथा सिफारिस समितिबाट मिति २०८२ कार्तिक ११ गतेको कार्यपालिका बैठकको निर्णय बमोजिम डिपिआरमा समावेश नहुने बाँकी जग्गा भाडामा दिनको लागि गरेको सिफारिस सम्बन्धमा श्री कट्रिना मार्वल सप्लायर्सको भाडा रकम रु ३५,५००। अक्षेरुपी पैतिस हजार पाँच सय रुपैया मात्रको प्रस्ताव स्वीकृत गरी देहाय बमोजिमको शर्त सहित भाडामा दिने गरी सम्झौता गर्ने निर्णय गरियो ।

(क) पूर्वमा मिलनको नयाँघर देखी टुप्लाको घरतर्फ जाने पिच बाटो, पश्चिममा सिनेमा हल देखी मस्जित हुँदै मुल सडकसम्मको ढलान बाटो, उत्तरमा कि.नं. ७०, ७४, २२९, ४०८ र ४१६ र दक्षिणमा कि.नं. ४४२, ४५७, ४५८, ४५३, ३८६, ३८५ र ३०४ को जग्गा भित्र रहेको कि.नं. ७१ र ७३ को जग्गाको पूर्व पट्टीको साँगुरो परेर मुल सडकलाई छोएको जग्गाको उत्तर तर्फबाट ठूला सवारी साधन भित्र जान मिल्ने गरी बाटो छोडी दक्षिण तर्फ बाँकी रहने जम्मा ०-४-३-३ (१५६।९४ वर्ग मिटर) जग्गा भाडामा लगाउने ।

(ख) लिज/भाडाको अवधी १२ बर्ष (मध्यकालिन) हुने ।

(ग) प्रत्येक २,२ बर्षमा भाडा रकम १० प्रतिशतले वृद्धी हुँदै जाने ।

(घ) भाडामा लगाएको जग्गामा कार्यालयको सहमति नलिई कुनै संरचना निर्माण गर्न नपाईने ।

(ङ) बहालमा बस्दाको अवधिको विद्युत, पानीको महशुल र फोहरमैला व्यवस्थापन शुल्क दाश्रो पक्षले तिर्ने ।

(च) जग्गा छोड्न वा छोडाउन परेमा कम्तिमा तिन महिना पूर्व एक अर्कालाई सूचना दिनुपर्नेछ ।

(छ) कृषि सामग्री कम्पनी लिमिटेड र नगरपालिका वीच भएको सम्झौताको प्रतिकुल हुने गरी भएको बुंधाहरु स्वतः निस्क्रीय हुने । र कृषि कम्पनी लिमिटेड वीचको सम्झौता भंग भएको अवस्थामा यो सम्झौता समेत स्वतः भंग हुने ।